# National News

## 28/3/2024

<u>मुख्य समाचार:-</u>

- प्रधानमन्त्रीले अर्काको निन्दा गर्ने र हाँसो उडाउने कांग्रेसको पुरानो संस्कृति रहेको लगाउनु भयो आरोप
- राष्ट्रपतिले आधारभूत पूर्वाधारको निर्माण परियोजनालाई पर्यावरण अनुकूल र ऊर्जाको दृष्टिले बनाउनमा दिनुभयो जोड
- राष्ट्रीय परीक्षा एजेन्सीले यस वर्षको -जे.ई.ई मेन्सको परीक्षा केन्द्र शहर आवन्टनको अग्रिम सूचना गऱ्यो जारी
- रक्षा मंत्रालय अन्तर्गत रक्षा उत्पादन विभागले गऱ्यो गुणवत्ता आश्वासन महानिदेशालयको पुनर्गठनको अधिसूचना जारी
- देशका सबै विश्वविद्यालयमा पी.एच.डी-मा प्रवेशका लागि एन.ई.टी – स्कोरको उपयोग गरिने

<u>पधानमन्त्री</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अर्काको निन्दा गर्ने र हाँसो उडाउने कांग्रेसको पुरानो संस्कृति रहेको आरोप लगाउनु भएको छ। प्रधानमन्त्रीले यो कुरा भारतका प्रधान न्यायाधीश श्री डी.वाई चन्द्रचूडलाई लेखिएको वकीलको एक समूहको पत्र सुम्पिदैँ सोशल मीडिया पोस्टमा भन्नुभएको हो ।

श्री मोदीले भन्नुभयो, "पाँच दशकअघि कंग्रेसले प्रतिबद्ध न्यायपालिकाको माग गरेको थियो । काँग्रेसले अरुसँग प्रतिबद्धता माग्छ तर राष्ट्रप्रतिको कुनै पनि प्रतिबद्धताबाट टाढै रहन्छ ।

<u>राष्ट्रपति बुनियादी ढाँचा</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आधारभूत पूर्वाधारको निर्माण परियोजनालाई पर्यावरण अनुकूल अनि ऊर्जाको दृष्टिले बनाउनमा जोड दिनुभएको छ। आज राष्ट्रपति भवनमा केन्द्रीय लोक निर्माण विभागका सहायक कार्यकारी अभियन्ताको समूहलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, भवन, सडक अनि अन्य आधारभूत पूर्वाधारलाई टिकाऊ, ऊर्जाको दृष्टिले कम खर्चीलो र पर्यावरण अनुकूल बनाइनु पर्छ । उहाँले भन्नुभयो, अभियन्ताले आफ्नो दृष्टिकोणमा नवाचारी हुनुपर्छ ताकि उदीयमान चुनौतीको प्रभावशाली ढंगसंग सामना गर्न सकियोस ।

राष्ट्रपतिले युवा अभियन्तालाई, अलग-अलग नबस्ने तर सहयोगात्मक, दूरदर्शी अनि टेक्नोलोजीमा आधारित दृष्टिकोण अपनाउने सल्लाह दिनुभयो । उहाँले भन्नुभयो, आटिफिशियल

इन्टेलीजेन्स, मशीन लरनीङ अनि रोबोट जस्तो  नयाँ अनि उदीयमान तकनीकीले सोचने विचारलाई पारम्परिक तरीकामा बाधा  पुर्याइरहेको छ। राष्ट्रपतिले भन्नुभयो, पर्यावरण अनुकूल निर्माण समयको आवश्यकता हो र निर्माणको नवाचारी तरीकाले यस क्षेत्रमा परिवर्तन ल्याउने क्षमता छ।

एनटीए- जेईई मेन्स

राष्ट्रीय परीक्षा एजेन्सीले यस वर्षको संयुक्त प्रवेश परीक्षा-जे.ई.ई मेन्सको दोस्रो सत्रका परीक्षार्थीहरूलाई उनीहरूको परीक्षा केन्द्र शहर आवन्टनको अग्रिम सूचना जारी  गरेको छ । जे.ई.ई-मेन्सको दोस्रो सत्र चारदेखी बाह्र  अप्रेलसम्म तीन सय उन्नाइसवटा  शहरका विभिन्न केन्द्रमा हुनेछ।  यी मध्ये बाइसबटा शहर विदेशका छन् । परीक्षा प्रत्येक दिन दुई चरणमा हुनेछ। पहिलो चरण बिहान नौदेखी बाह्र बजीसम्म अनि  दोस्रो दिउँसो तीनदेखी साँझ छ बजीसम्म हुनेछ। बाह्र  अप्रैलको परीक्षा केवल बिहान हुनेछ। परीक्षार्थीले  एन.टी.ए –को वेबसाइटमा आफ्नो आवदेन संख्या अनि जन्म तिथि हालेर परीक्षा केन्द्रसंग सम्बन्धीत  शहरको जानकारी लिन सक्नेछन्। राष्ट्रीय परीक्षा एजेन्सीले भनेको छ, शहर सम्बन्धी सूचना पर्ची परीक्षार्थीद्वारा प्रवेश पत्रका रूपमा प्रयोग गर्न सकिनेछैन । यो केवल त्यस शहरका बारेमा अग्रिम सूचना हुनेछ, जहाँ उनीहरूके परीक्षा केन्द्र हुन्छ।

रक्षा-डीजीक्यूए

रक्षा मंत्रालय अन्तर्गत रक्षा उत्पादन विभागले गुणवत्ता आश्वासन महानिदेशालयको पुनर्गठनको अधिसूचना जारी गरेको छ । यसले गुणवत्ता आश्वासन प्रक्रियामा सहजता र गती आउनेछ।  रक्षा मन्त्रालय अनुसार विभागको पुनर्गठनले सबै स्तरमा संयन्त्र विनिर्माणका लागि प्रभावी तकनीकी सहयोग मिल्छ अनि गुणवत्तामा एकरूपता सुनिश्चित हुँदछ। नयाँ संरचनामा पृथक रक्षा परीक्षण अनि मूल्यांकन संवर्धन महानिदेशालयको पनि प्रावधान हुँदछ, जसले परीक्षण सुविधाको पारदर्शी आवन्टन  हुनसक्छ।

केन्द्र-मनरेगा

केन्द्र सरकारले वर्ष दुई हजार चौवीस पचीसका लागी महात्मा गान्धी राष्ट्रीय ग्रामीण रोजगार गारन्टी अधिनियम-मनरेगा अन्तर्गत संशोधीत पारिश्रमिकका बारेमा अधिसूचना जारी गरेको छ । हरियाणामा अकुशल मजदूरलाई प्रतिदिन तीन सय चौहत्तर रुपियाँ, गोवामा  तीन सय छपन्न, कर्नाटकमा तीन सय उनन्चास, केरलमा तीन सय छयालीस  अनि पंजाबमा तीन सय बाइस रुपियाँको मजदूरी दिइने छ। ग्रामीण विकास मन्त्रालयले भनेको छ, अधिसूचना एक

अप्रेलदेखी लागू हुनेछ। मनरेगा श्रमिकको मजदूरी दरमा यसभन्दा पहिला पछिलो वर्ष मार्चमा संशोधन भएको थियो।

<u>लद्दाख-लोकसभा चुनाव</u>

लद्दाखमा लेह जिल्लामा आगामी लोकसभा चुनावमा मतदान प्रक्रियामा अधिक मानिसको भागीदारी बढ़ाउनका लागि गाउँ, खण्ड अनि जिल्ला स्तरमा विभिन्न प्रयास गरिँदैछ। हिजो लेहमा चुनाव अधिकारी श्री संतोष सुखदेवको अध्यक्षतामा नोडल अधिकारीलाई वहाँको भूमिका अनि जिम्मेवारी बारे जानकारी दिन, बैठक आयोजित गरिएको थियो। उहाँले उपमण्डल मजिस्ट्रेट अनि तहसीलदारलाई गाउँ, खण्ड अनि जिल्ला स्तरमा मतदाता शिक्षा अनि जागरूकता कार्यक्रम, र सोशल मीडिया जागरूकता अभियान चलाउने अनि ती मुद्दाबारे पहिचान गर्ने निर्देश दिनुभयो जुन लेहमा कम मतदान का कारण बनीरहेको छ।
चुनाव प्रक्रियामा मतदाताको भागीदारीका लागि प्रेरक जागरूकता अभियानको एक भागका रूपमा देवल कला कार्य अनि चित्रकला जस्तो दृश्य कलालाई पनि शामेल गरिएको छ। अपर जिल्ला विकास आयुक्त श्री सोनम नूरबोले आदर्श आचार सनहिताको उल्लंघनको पत्तो लगाउने र प्रभावी पर्यवेक्षणका लागि जिल्ला मुख्यालयमा कम्प्यूटरका साथ कम से कम दुई वीडियो निगरानी कक्ष स्थापित गर्ने पनि प्रस्ताव राख्नुभएको छ।

<u>यूजीसी पीएचडी</u>

देशका सबै विश्वविद्यालय शिक्षा सत्र दुई हजार चौबीस पचीसदेखी पी.एच.डी-मा प्रवेश गर्नका लागि अलग अलग प्रवेश परीक्षाको बदलीम एन.ई.टी स्कोरको उपयोग गरिनेछ। विश्विविद्यालय अनुदान आयोगका अध्यक्ष श्री एम. जगदीश कुमारले सोशल मीडिया पोस्टमा शिक्षा सत्र दुई हजार चौवीस पचीस देखी पी.एच.डी-मा प्रवेश गर्नका लागि विभिन्न शिक्षा संस्थानद्वारा संचालित प्रवेश परीक्षाका स्थानमा राष्ट्रीय पात्रता परीक्षा –एन.ई.टी- स्कोरको उपयोग गर्न सक्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, जून दुई हजार चौवीस सत्रका लागि एन.ई.टी आवेदन प्रक्रियाको जानकारी अघिल्लो सप्ताह उपलब्ध हुने आशा छ।

## तमिलनाडु - गणेशामूर्ति निधन

तीनपल्ट लोकसभा सांसद भएका श्री ए. गणेशामूर्तिको आज बिहान कोयन्बटूरको अस्पतालमा हृदयघातका कारण मृत्यु भयो । तीन दिन पहिला कथित रूपले कीटनाशक खाए पछि वहाँको कोयन्बटूर अस्पतालम जाँच चलीरहेको थियो। छयातर वर्षीय श्री गणेशामूर्ति इरोडबाट लोकसभा सांसद हुनुहुनथ्यो अनि सबै राजनीतिक दलमा सम्माननीय हुनुहुनथ्यो। उहाँ उन्नाइस सय उनानन्नब्बे देखी उन्नाइस सय एकानब्बे सम्म राज्य विधानसभाका सदस्य हुनुहुनथ्यो ।

## भाजपा - मेहताब शामिल

ओडिसामा कटकका सांसद श्री भृतहरि महताब आज भारतीय जनता पार्टीमा शामिल हुनुभएको छ। उहाँले केही दिन अघी बीजू जनता दलबाट त्याग पत्र दिनुभएको थियो। श्री महताबलाई भाजपाका वरिष्ठ नेता र केन्द्रीय मन्त्री श्री धमेन्द्र प्रधान तथा पार्टी महासचिव श्री विनोद तावडेको उपस्थितिमा नयाँ दिल्लीमा भाजपा मुख्यालयमा पार्टीमा शामेल गराइयो।